# पुर्वीचौकी गाउँपालिकाको स्थानिय सामुदायिक स्वास्थ्य इकाइ करार कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि-२०७८

## प्रस्तावना :

स्थानिय बासिन्दाहरुको आधारभुत स्वास्थ्य सेवा प्रदान गर्ने कार्यमा गाउँपालिका जिम्मेवारी रही आएको र सो को व्यवस्थापनमा स्पष्ट कानुनी व्यवस्था गरी कार्य सम्पादन गर्न वाञ्छनीय भएकोले "नेपालको संविधान २०७२ को धारा २२१ अनुसार सोही संविधानको अनुसुची ८ तथा स्थानिय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ वमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिलाई पुर्वीचौकी गाउँपालिकाको स्थानिय सामुदायिक स्वास्थ्य ईकाइमा करार कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७८ भनिन्छ ।

(ख) यो कार्यविधि पुर्वीचौकी गाउँपालिकावाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशित भए पश्चात लागु हुनेछ ।

**१.२ परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(ग) "कार्यविधि" भन्नाले पुर्वीचौकीगाउँपालिकाको स्थानिय सामुदायिक स्वास्थ्य ईकाइ करार कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७८ लाई सम्झनु पर्छ ।

(घ) "संघीय ऐन" भन्नाले स्वास्थ्य सम्बन्धी संघीय संसदले बनाएको ऐनलाई वुझ्नु पर्दछ ।

(ङ) "कार्यपालिका" भन्नाले पुर्वीचौकी गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(च) "सरकारी वा सामुदायिक" भन्नाले सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका स्वास्थ्य संस्थालाई सम्झनु पर्छ।

(छ) "निजी" भन्नाले सेवाको संगसंगै नाफाको समेत उद्धेश्य राखी संचालन हुने स्वास्थ्य संस्था सम्झनु पर्छ ।

(ज) "व्यवस्थापन समिति" भन्नाले दफा ३ अन्तर्गत बनेका स्वास्थ्य तथा सामुदायिक केन्द्रहरुको व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(झ) "स्वास्थ्य संस्था" भन्नाले सरकारी स्तरबाट संचालित अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीलाई सम्झनु पर्छ ।

(ञ) "सामुदायिक ईकाइ भन्नाले प्रत्येक वडाका टोलहरुमा स्थापित स्वास्थ्य सामुदायिक ईकाइहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद २

**२.१ सामुदायिक स्वास्थ्य सेवा ईकाइ प्रदायक र व्यवस्थापन सम्बन्धि व्यवस्था**

(क) सरकारी वा सामुदायिक: स्थानीय तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र ,स्वास्थ्य चौकी , सामुदायिक स्वास्थ्य ईकाइ, आयुवेर्द तथा प्राकृतिक चिकित्सा केन्द्र, गाउघर क्लिनिक, सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदान संस्था हुनेछन .

(ख) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभुत मापदण्ड संघीय सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेदः ३

३. स्थानिय सामुदायिक स्वास्थ्य ईकाइ व्यवस्थापन तथा सञ्चालन समिति गठन तथा काम, कर्तव्य र अधिकार

३.१. स्थानिय सामुदायिक स्वास्थ्य ईकाइ स्वास्थ्य व्यवस्थापनका लागि देहाय बमोजिम व्यवस्थापन समिति गठन गरिने छ।

| | |
|---|---|
| क. गाउँपालिका अध्यक्ष | संरक्षक |
| ख. सम्बन्धित वडाध्यक्ष | अध्यक्ष |
| ग. स्वास्थ्य क्षेत्रमा क्रियाशिल मध्ये संरक्षक बाट मनोनित महिला १ जना | सदस्य |
| घ. स्वास्थ्य संस्था नजिकको उच्चतम विद्यालयको प्रधानाध्यापक | सदस्य |
| ङ. सम्बन्धित वडाको वडा सचिव | सदस्य |
| च. स्थानिय ब्यापार संघको प्रतिनिधि | सदस्य |
| छ. सम्वन्धित सामुदायिक स्वास्थ्य ईकाइ प्रमुख | सदस्य सचिव |

३.२. खाता सञ्चालनः

सामुदायिक स्वास्थ्य ईकाइको खाता सञ्चालन नेपाल सरकारले तोकिएका बैंकहरुमा एउटा खाता रहनेछ । खाता सञ्चालन तथा व्यवस्थापन सञ्चालक समितिका अध्यक्ष र सदस्य सचिवहरुको संयुक्त हस्ताक्षर बाट गरिनेछ ।

३.३. स्थानिय सामुदायिक स्वास्थ्य ईकाइका करार कर्मचारीहरुको छनौट समिति सम्वन्धि व्यवस्थाः

| | |
|---|---|
| क. गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत | संयोजक |
| ख. गाउँपालिकाको शाखा अधिकृत स्तरको अधिकृत १ जना | सदस्य |
| ग जिल्ला जनस्वास्थ्य कार्यालयले तोकेको अधिकृत स्तरको स्वास्थ्य बिषय विज्ञ १ जना | सदस्य |
| घ. गाउँपालिकाको स्थानिय स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

CamScanner

परिच्छेद ४

४. स्थानिय सामुदायिक स्वास्थ्य ईकाइका करार कर्मचारीहरुको छनौट प्रकृया सम्वन्धि व्यवस्थाः

४.१ परिक्षाः

क. लिखित परीक्षा

ख. मौखिक परीक्षा

ग. प्रयोगात्मक परीक्षा

घ. अन्य

४.२ दरबन्दी

| | |
|---|---|
| १. अ.हे.ब./अ.न.मी. | १ जना |
| २. का.स. | १ जना |

४.३ सेवा सुविधाः

क. कर्मचारीको सेवा सुविधा गाउँसभा/कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

ख. कर्मचारीहरु दैनिक कामकाजका लागि वडा कार्यालय प्रति उत्तरदायि हुनेछन् भने समग्रमा गाउँपालिका प्रति उत्तरदायि हुनेछन् ।

ग. प्रगति प्रतिवेदन ईकाइ प्रमुखले स्वास्थ्य चौकी ईन्चार्ज वा स्वयम् मार्फत पूर्विचौकी गाउँपालकाको स्वास्थ्य शाखामा तोके बमोजिम पेश गर्नुपर्नेछ ।

घ. विदाः प्रतिवर्ष क्यावि ६ दिन र पर्व विदा ६ दिन गरि १२ दिन हुनेछ । अन्य विदा पाइने छैन् ।

परिच्छेदः ५

विविध

५. कर्मचारी व्यवस्थापन सम्बन्धमा आ.व. २०७४।०७५ देखि सामुदायिक स्वास्थ्य ईकाइमा कर्यरत भई निरन्तर सेवा प्रदान गरिरहेका अ.हे.ब./अ.न.मी./का.स. हरुलाई पहिलो पटकका लागि सेवा करारको नियुक्ति दिई कामकाजमा लगाइनेछ । यसरी निरन्तर सेवा प्रमाणितका लागि वडाध्यक्षको सिफारिस, शैक्षिक योग्यताका प्रमाणपत्र, काउन्सिल दर्ता तथा व्यक्तिको निवेदनलाई आधार मानिने छ ।

५.१. बाधा अड्काउ तथा फुकाउनेः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउँ आई परेमा यसको बाधा अडकाउँ फुकाउने अधिकार गाउँकार्यपालिकामा हुनेछ ।